# नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठानको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान

रविभवन, कालिमाटी, काठमाडौं

# विषय सूची

परिच्छेद - १

प्रारम्भिक ........ ३

परिच्छेद–२

प्रतिष्ठानको स्थापना........ ४

परिच्छेद–३

प्रतिष्ठानको स्वरूप, पदाधिकारी तथा काम, कर्तव्य र अधिकार ........ ५

परिच्छेद - ४

सभाको गठन तथा काम, कर्तव्य र अधिकार........ ६

परिच्छेद–५

प्राज्ञिक परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार ........ १०

परिच्छेद–६

कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार........ ११

परिच्छेद–७

स्कुल र अनुसन्धान केन्द्र........ १३

परिच्छेद - ८

प्रतिष्ठानका पदाधिकारी, अध्यापक, अनुसन्धानकर्ता तथा कर्मचारी ........ १३

परिच्छेद - ९

पदपूर्ति समितिको गठन तथा काम, कर्तव्य र अधिकार........ १६

परिच्छेद-१०

शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धी विशेष व्यवस्था ........ १७

परिच्छेद-११

प्रतिष्ठानको कोष, लेखा तथा लेखापरीक्षण........ १७

परिच्छेद–१२

विविध........ १८

# नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठानको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३

**प्रस्तावनाः**

नेपालमा पर्यटन, होटल व्यवस्थापन, आतिथ्यता, पर्वतीय पर्यटन, आरोग्य तथा साहसिक गतिविधि लगायतका क्षेत्रमा अध्ययन, अनुसन्धान, अध्यापन र प्रशिक्षणलाई गुणस्तरीय, जीवनोपयोगी, नवप्रवर्तनमुखी तथा समयसापेक्ष बनाई मुलुकको पर्यटकीय क्षेत्रको विकासका लागि दक्ष, जिम्मेवार, सिर्जनशील, उद्यमशील र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने प्राज्ञिक केन्द्रको रूपमा सार्वजनिक प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

संघीय संसद्‌ले यो ऐन बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "**नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान ऐन, २०८३**" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतिसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अध्यक्ष"** भन्नाले दफा १८ बमोजिमको अध्यक्ष सम्झनु पर्छ।

(ख) **"अध्यापक"** भन्नाले प्रतिष्ठानको प्राध्यापक, सह प्राध्यापक, उप प्राध्यापक, सहायक प्राध्यापक, प्रशिक्षक तथा आमन्त्रित प्राध्यापक र आमन्त्रित प्रशिक्षक सम्झनु पर्छ।

(ग) **"अनुसन्धान केन्द्र"** भन्नाले दफा १७ बमोजिमको अनुसन्धान केन्द्र सम्झनु पर्छ।

(घ) **"कर्मचारी"** भन्नाले प्रतिष्ठानमा कार्यरत कर्मचारी सम्झनु पर्छ।

(ङ) **"प्राज्ञिक निर्देशक"** भन्नाले दफा २० बमोजिम नियुक्त प्राज्ञिक निर्देशक सम्झनु पर्छ।

(च) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) **"निर्देशक"** भन्नाले दफा २१ बमोजिम नियुक्त निर्देशक सम्झनु पर्छ।

(ज) **"पदाधिकारी"** भन्नाले दफा ६ बमोजिमको पदाधिकारी सम्झनु पर्छ।

(झ) **"प्रतिष्ठान"** भन्नाले दफा ३ बमोजिमको नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान सम्झनुपर्छ।

(ञ) **"प्राज्ञिक परिषद्"** भन्नाले दफा १२ बमोजिमको प्राज्ञिक परिषद् सम्झनु पर्छ।

(ट) **"मन्त्रालय"** भन्नाले नेपाल सरकारको पर्यटन सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ठ) **"रजिष्ट्रार"** भन्नाले दफा १९ बमोजिमको रजिष्ट्रार सम्झनु पर्छ।

(ड) **"सदस्य"** भन्नाले सभाका सदस्य सम्झनु पर्छ।

(ढ) **"सदस्य सचिव"** भन्नाले सभाको सदस्य सचिव सम्झनु पर्छ।

(ण) **"सभा"** भन्नाले दफा ८ बमोजिमको सभा सम्झनु पर्छ।

(त) **"स्कुल"** भन्नाले दफा १६ बमोजिमको स्कुल सम्झनु पर्छ।

## परिच्छेद–२

## प्रतिष्ठानको स्थापना

३. **प्रतिष्ठानको स्थापना** : (१) नेपालमा ट्राभल एण्ड टुरिजम, होटल व्यवस्थापन, साहसिक पर्यटन, आरोग्य पर्यटन तथा पर्वतीय पर्यटनको क्षेत्रमा अध्ययन, अनुसन्धान र अध्या पन गर्न एक नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान स्थापना गरिने छ।

(२) प्रतिष्ठानको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

(३) प्रतिष्ठानले प्रादेशिक सन्तुलन कायम हुने गरी शाखा कार्यालयको रूपमा स्कुल खोल्न सक्नेछ।

(४) प्रतिष्ठानले कुनै विश्वविद्यालय वा मान्यता प्राप्त शैक्षिक संस्थासँगको सहकार्यमा प्रतिष्ठानका कार्यक्रम संचालन गर्न सक्नेछ।

(५) प्रतिष्ठानलाई अंग्रेजी भाषामा "नेपाल एकेडेमी अफ टुरिजम, होटल एण्ड माउन्टेनियरिङ" र संक्षेपमा यसलाई "एन्एटिएच्एम् (नाथम)" भनिनेछ।

४. **प्रतिष्ठान स्वशासित सङ्गठित संस्था हुने** : (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित सङ्गठित संस्था हुनेछ।

(२) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, लिज वा भाडामा लिन दिन, वेचविखन गर्न र ऋण लिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम सम्पति वेचविखन गर्न र ऋण लिनुपूर्व नेपाल सरकारको स्वीकृती लिनु पर्नेछ।

(५) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(६) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

## परिच्छेद–३

## प्रतिष्ठानको स्वरूप, पदाधिकारी तथा काम, कर्तव्य र अधिकार

५. **प्रतिष्ठानको स्वरूप** : प्रतिष्ठानको सङ्गठनात्मक संरचना देहाय बमोजिम हुनेछ र सङ्गठनको सामूहिक रूप नै प्रतिष्ठानको स्वरूप हुनेछ।

(क) सभा,

(ख) प्राज्ञिक परिषद्,

(ग) कार्यकारी परिषद्

(घ) अनुसन्धान केन्द्र,

(ङ) स्कुल,

(च) शिक्षण होटल,

(छ) आरोग्य शिक्षण केन्द्र,

(ज) पदपूर्ति समिति

(झ) सभाले तोके बमोजिमका अन्य निकायहरू।

६. **पदाधिकारीहरु** : प्रतिष्ठानमा देहायका पदाधिकारीहरु रहनेछन्।

(क) अध्यक्ष,

(ख) रजिष्ट्रार,

(ग) प्राज्ञिक निर्देशक,

(घ) निर्देशक।

७. **प्रतिष्ठानको काम, कर्तव्य र अधिकार** : (१) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपालको पर्यटन क्षेत्रका विभिन्न विधाका लागि आवश्यक पर्ने जनशक्तिको क्षमता विकास गर्ने उदेश्यले प्राज्ञिक तथा व्यवसायिक प्रशिक्षणका लागि सार्वजनिक क्षेत्रको एकिकृत प्राज्ञिक केन्द्रको रूपमा कार्यक्रम सञ्चालन गर्ने,

(ख) ट्राभल एण्ड टुरिजम, होटल व्यवस्थापन, साहसिक पर्यटन, आरोग्य पर्यटन तथा पर्वतीय पर्यटनको क्षेत्रमा आवश्यक पर्ने गुणस्तरीय दक्ष जनशक्ति उत्पादन गर्न विभिन्न विषयका पाठ्यक्रमको निर्माण गरी आधारभूत, मध्यम तथा उच्चस्तरको शैक्षिक तथा तालिम कार्यक्रम सञ्चालन गरी बहुआयामिक सीपयुक्त जनशक्ति तयार गर्ने,

(ग) पर्वतीय पर्यावरण, भू-गर्भशास्त्र, जलवायु परिवर्तनको प्रभाव र हिमालमा बढ्दो माइक्रोप्लास्टिक प्रदूषण जस्ता पर्वतीय पर्यटनसँग सम्बन्धित विषयमा अनुसन्धान गर्ने,

(घ) नेपाल सरकारलाई पर्यटन, आतिथ्यता, पर्वतीय पर्यटन, आरोग्य र साहसिक गतिविधिका विषयमा अनुसन्धान गरी सुझाव दिने,

(ङ) पर्यटन, आतिथ्यता, पर्वतीय पर्यटन, आरोग्य र साहसिक गतिविधिका क्षेत्रमा नविन सोच, प्रविधि, व्यावसायिक अवधारणालाई सफल उद्यममा रुपान्तरण गर्न आवश्यक पर्ने परामर्श, तालिम, पूर्वाधार, वित्तीय पहुँच तथा प्राविधिक सहयोग प्रदान गर्न 'इन्क्युबेशन केन्द्र' सञ्चालन गर्ने,

(च) रैथाने खानपान, आतिथ्यता र सांस्कृतिक विविधतालाई अनुसन्धानमार्फत दस्तावेजीकरण गरी अन्तर्राष्ट्रिय ब्रान्डिङ गर्न सहयोग गर्ने,

(छ) स्वदेशी तथा विदेशी विश्वविद्यालय र अनुसन्धान संस्थासँग सहकार्य गर्ने,

(ज) पर्यटन, आतिथ्यता, पर्वतीय पर्यटन, आरोग्य र साहसिक पर्यटन क्षेत्रको अनुसन्धानात्मक जर्नल तथा पुस्तक प्रकाशन गर्ने, गराउने,

(झ) पर्यटन, आतिथ्यता, पर्वतीय पर्यटन, आरोग्य र साहसिक गतिविधिका क्षेत्रमा अध्ययन, अनुसन्धान, मूल्याङ्कन, परामर्श एवं प्राविधिक सेवा प्रदान गर्ने,

(ञ) स्वदेश तथा विदेशमा इन्टर्नसिप सम्बन्धी आवश्यक व्यवस्था मिलाउने,

(ट) पर्यटन सम्बद्ध तालिमका न्यूनतम मापदण्ड तथा स्तर निर्धारण गर्ने एवं प्रशिक्षार्थीहरुको व्यवहारिक तथा सैद्धान्तिक ज्ञानको परीक्षण गर्ने,

(ठ) प्रशिक्षार्थी तथा विद्यार्थीलाई आवासगृह, होटल, रिसोर्ट, रेष्टुराँ, ध्यान केन्द्र, स्पा सेन्टर, योगाभ्यास, प्राकृतिक चिकित्सा (गैह्र चिकित्सकीय), साहसिक खेलसँग सम्बन्धित क्रियाकलाप र ट्राभल डेस्क सञ्चालन गर्ने,

(ड) नेपालमा आरोहणका लागि खुला गरिएका वा नगरिएका हिमालहरुको अध्ययन अनुसन्धान गरी प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्ने,

(ढ) नेपाल सरकारको स्वामित्वमा रहेका संस्था तथा अन्य सङ्गठित संस्थाहरुसँग सहकार्य गर्ने,

(ण) सभाले निर्धारण गरे बमोजिमका कार्य गर्ने ।

## परिच्छेद - ४

## सभाको गठन तथा काम, कर्तव्य र अधिकार

८. **सभाको गठन** : (१) प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक सभा रहनेछ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछ।

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) सदस्य सचिव, विश्वविद्यालय अनुदान आयोग - सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(घ) सहसचिव, शिक्षा तथा खेलकूद मन्त्रालय - सदस्य

(ङ) महानिर्देशक, आयूर्वेद तथा वैकल्पिक चिकित्सा विभाग - सदस्य

(च) शिष्टाचार महापाल, परराष्ट्र मन्त्रालय - सदस्य

(छ) महानिर्देशक, अध्यागमन विभाग - सदस्य

(ज) महानिर्देशक, पर्यटन विभाग - सदस्य

(झ) कार्यकारी प्रमुख, नेपाल पर्यटन बोर्ड - सदस्य

(ञ) प्राज्ञिक निर्देशकहरु मध्येबाट कार्यकारी परिषदको सिफारिसमा अध्यक्षले मनोनयन गरेको एकजना - सदस्य

(ट) अध्यक्ष, नेपाल एसोशियसन अफ टुर एण्ड ट्राभल एजेन्टस् -सदस्य

(ठ) अध्यक्ष, ट्रेकिङ्ग एजेन्सिज एसोशियसन अफ नेपाल - सदस्य

(ड) अध्यक्ष, होटल संघ नेपाल - सदस्य

(ढ) अध्यक्ष, नेपाल पर्वतीय पर्यटन संघ - सदस्य

(ण) अध्यक्ष, नेपाल एसोशियसन अफ राफ्टिङ्ग एजेन्टस् - सदस्य

(त) आरोग्य पर्यटन सम्बद्ध निजी क्षेत्रबाट प्रतिनिधित्व हुने गरी एक जना - सदस्य

(थ) प्रतिष्ठानका निर्देशकहरु मध्येबाट कार्यकारी परिषदको सिफारिसमा अध्यक्षले मनोनयन गरेको एकजना - सदस्य

(द) पर्यटनविद्, सगरमाथा आरोही, शिक्षाविद्, प्रतिष्ठानलाई आर्थिक सहयोग गर्ने दाताहरु मध्येबाट कम्तिमा एक जना महिला सहित तीन जना - सदस्य

(ध) रजिष्ट्रार - सदस्य सचिव

(३) उपदफा (१) को खण्ड (त) र (द) बमोजिमका सदस्यको मनोनयन कार्यकारी परिषद्को सिफारिसमा अध्यक्षबाट हुनेछ।

(४) उपदफा (३) बमोजिमका मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ।

(५) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिको लागि सो पदमा पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(६) दफा ८ को उपदफा (१) को खण्ड (त) र (द) बमोजिम मनोनीत सदस्यको हकमा देहायको योग्यता पुगेको व्यक्ति मनोनीत हुन योग्य हुनेछ :-

(क) २५ वर्ष उमेर पुरा भएको,

(ख) मान्यताप्राप्त शैक्षिक संस्थाबाट ट्राभल एण्ड टुर, आतिथ्यता, पर्वतीय पर्यटन, आरोग्य र साहसिक पर्यटनका विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

तर, सगरमाथा आरोहीको हकमा शैक्षिक योग्यता आवश्यक पर्ने छैन।

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(घ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनका लागि अयोग्य नरहेको, र

(ङ) उच्च नैतिक चरित्र भएको।

(७) उपदफा (१) बमोजिम मनोनीत सदस्यको पदावधि समाप्त हुनुभन्दा तीन महिना अगावै यस दफा बमोजिम मनोनयन प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(८) उपदफा (१) बमोजिम मनोनीत कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा पद अनुरूपको आचरण नगरेको वा इमान्दारीपूर्वक आफ्नो कर्तव्य पालना नगरेको वा प्रतिष्ठानको हित विपरीत कुनै काम गरेमा वा नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहर भएको अवस्थामा सभाले त्यस्तो सदस्यलाई पदबाट हटाउन सक्नेछ।

तर, त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिव मौका दिनु पर्नेछ।

(९) सभाको कुनै सदस्यले मनासिव कारण बाहेक अध्यक्षलाई पूर्व लिखित जानकारी नगराई सभाको बैठकमा लगातार तीन पटकभन्दा बढी अनुपस्थित भएमा त्यस्तो सदस्य आफ्नो पदबाट स्वतः पदमुक्त हुनेछ।

(१०) अध्यक्ष तथा सदस्यले बैठकमा भाग लिए बापत सभाले तोके बमोजिमको बैठक भत्ता पाउनेछन्।

(११) उपदफा (२) बमोजिमका सदस्यहरू देहायको अवस्थामा पद रिक्त हुनेछन्ः

(क) मृत्यु भएमा,

(ख) सभा समक्ष लिखित राजिनामा दिएमा,

(ग) उपदफा ६ को खण्ड (ग) बमोजिमको कसूरमा अदालतबाट सजाय पाएमा,

(घ) निजको पदावधी समाप्त भएमा,

(ङ) पैसठ्ठी बर्ष उमेर पुरा भएमा।

९. **<u>सभाको बैठक</u>** : (१) सभाको बैठक वर्षको कम्तीमा तीन पटक बस्नेछ।

(२) सभाको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) सभाको बैठक हुनुभन्दा कम्तीमा सात दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना अध्यक्षसँगको परामर्शमा सदस्य-सचिवले सबै सदस्यहरूलाई दिनुपर्नेछ।

(४) सभामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) सभाको बैठकको निर्णय अध्यक्ष र सदस्य सचिवबाट प्रमाणित गरी अभिलेख राख्नु पर्नेछ।

(७) सभाको बैठकमा अध्यक्षले आवश्यकता अनुसार स्वदेशी वा विदेशी व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

(८) सभाको सदस्य बाहेकका अन्य प्राज्ञिक निर्देशकहरुलाई सभाको बैठकमा आमन्त्रण गर्नु पर्नेछ।

(९) उपदफा (७) र (८) बमोजिम आमन्त्रित गरिएका व्यक्तिहरुलाई मताधिकार हुनेछैन।

(१०) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभाले निर्धारण गरे बमोजिम हुनेछ।

**१०.** **विशेष बैठक सम्बन्धी व्यवस्था** : (१) सभाको एक चौथाइ सदस्यले आधार र कारण खुलाई सभाको विशेष बैठक बोलाउन माग गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम विशेष बैठक बोलाउन माग गरेमा अध्यक्षले त्यस्तो माग भएको मितिले सात दिनभित्र बैठक बोलाउनु पर्नेछ र त्यस्तो बैठकमा उपदफा (१) बमोजिम बैठक बोलाइएको विषयमा मात्र छलफल र निर्णय गर्नुपर्नेछ।

(३) विशेष बैठकको सञ्चालन र निर्णय प्रक्रिया सम्बन्धी अन्य व्यवस्था दफा ९ बमोजिम हुनेछ।

**११.** **सभाको काम, कर्तव्य र अधिकार** : सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक, व्यवस्थापकीय तथा अन्य आवश्यक नीति एवं मापदण्डहरू स्वीकृत गर्ने,

(ख) प्रतिष्ठानलाई विश्वस्तरीय संस्थाको रूपमा विकास गर्न अल्पकालीन तथा दीर्घकालीन योजना, नीति र रणनीति स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको वार्षिक योजना, नीति, बजेट र कार्यक्रम स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानको लागि आवश्यक पर्ने नियमहरू स्वीकृत गर्ने,

(ङ) प्रतिष्ठानको भौतिक संरचनाको गुरुयोजना तयार गरी निर्माण गर्ने वा गराउने,

(च) प्रतिष्ठानको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने स्कुल, अनुसन्धान केन्द्र स्थापना तथा नयाँ कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिने,

(छ) प्रतिष्ठानबाट प्रदान गरिने उपाधिहरू निर्धारण र प्रदान गर्ने,

(ज) प्रतिष्ठानका लागि आवश्यक आर्थिक स्रोत जुटाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा सम्पर्क, संवाद तथा सहकार्य गर्ने वा गराउने,

(झ) अध्यापक, अनुसन्धानकर्ता र कर्मचारीको सेवाका शर्त, तलब तथा सुविधाहरू निर्धारण गर्ने,

(ञ) प्रतिष्ठानको बार्षिक प्रगति विवरण समीक्षा गर्ने र कार्य सुचारु रूपले सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने,

(ट) प्रतिष्ठानको हित विपरीत काम गर्ने वा सन्तोषजनक कार्य सम्पादन गर्न नसक्ने अन्य पदाधिकारीलाई कारबाही गर्ने,

(ठ) प्रतिष्ठानको प्राज्ञिक मूल्य र मान्यतालाई संरक्षण र सम्वर्द्धन गर्ने,

(ड) प्रतिष्ठानको लेखापरीक्षण प्रतिवेदन माथि छलफल गर्ने र स्वीकृत गर्ने,

(ढ) मन्त्रालयले तोके बमोजिमका कार्य गर्ने वा गराउने।

## परिच्छेद–५

## प्राज्ञिक परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

**१२. प्राज्ञिक परिषद्को गठन** : (१) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक, अनुसन्धान तथा तालिम कार्यलाई व्यवस्थित एवं नियमित गर्ने निकायको रूपमा काम गर्न एक प्राज्ञिक परिषद् रहनेछ।

(२) प्राज्ञिक परिषद्को गठन देहाय बमोजिम हुनेछ :

(क) रजिष्ट्रार -अध्यक्ष

(ख) प्रतिष्ठानमा कार्यरत सम्पूर्ण प्राज्ञिक निर्देशकहरु -सदस्य

(ग) प्रतिष्ठानका निर्देशकहरु मध्येबाट सभाले मनोनयन गरेको एक जना -सदस्य

(घ) अध्यापकहरु मध्येबाट सभाले मनोनयन गरेको एकजना महिला -सदस्य

(ङ) अध्यक्षले तोकेको प्राज्ञिक निर्देशक -सदस्य सचिव

(३) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि सभाले निर्धारण बमोजिम हुनेछ।

(४) प्राज्ञिक परिषद्को अध्यक्ष तथा सदस्यले बैठकमा भाग लिए बापत सभाले निर्धारण गरे बमोजिमको बैठक भत्ता पाउनेछन् ।

**१३. प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार** : (१) प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रतिष्ठानको आवश्यकता, औचित्य र संस्थागत क्षमताको मूल्याङ्कन गरी सञ्चालन गरिने विभिन्न विधाका प्राज्ञिक, अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्यक्रमहरूको नीति निर्धारण एवं स्वीकृत गर्ने,

(ख) प्रतिष्ठानमा अध्ययन र प्रशिक्षण हुने विषयहरूको पाठ्यक्रम, शिक्षण विधि, पाठ्यभार र शैक्षिक पात्रो स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानमा भर्ना हुन चाहने विद्यार्थीहरूको आवश्यक न्यूनतम योग्यता, भर्ना सङ्ख्या, छनोटका आधार, मापदण्ड र मूल्याङ्कन प्रक्रिया तय गर्ने,

(घ) प्रतिष्ठान अन्तर्गत सञ्चालन हुने परीक्षाको किसिम तोक्ने, परीक्षा प्रणालीको व्यवस्थापन गर्ने र शैक्षिक कार्यक्रमहरूको समग्र मूल्याङ्कन गर्ने,

(ङ) प्रतिष्ठानद्वारा सञ्चालित कार्यक्रमहरूको प्राज्ञिक उत्कृष्टता सुनिश्चित गर्दै शैक्षिक गुणस्तर कायम राख्न आवश्यक मापदण्ड बनाउने र लागू गर्ने,

(च) प्रतिष्ठानद्वारा प्रदान गरिने विभिन्न शैक्षिक उपाधि, मानार्थ उपाधि, पदक तथा पुरस्कारहरूका लागि सभामा सिफारिस गर्ने,

(छ) प्रतिष्ठानका लागि आवश्यक अध्यापक तथा अनुसन्धानकर्ताहरूको न्यूनतम शैक्षिक योग्यता र कार्यक्षमताको मापदण्ड निर्धारण गर्ने,

(ज) प्राज्ञिक, अनुसन्धान र अन्वेषणका विषयमा कार्यकारी परिषद्लाई आवश्यक राय सुझाव दिने,

(झ) प्राज्ञिक परिषद्को कार्यसम्पादनलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यकता अनुसार विषयगत समिति वा उप-समिति वा कार्यदलहरू गठन गर्ने,

(ञ) प्रतिष्ठानको प्राज्ञिक विकाससँग सम्बन्धित कार्यहरू गर्ने।

## परिच्छेद–६

## कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

१४. **कार्यकारी परिषद्को गठन** : (१) प्रतिष्ठानको कार्यकारी निकायको रूपमा काम गर्न एक कार्यकारी परिषद् रहनेछ।

(२) कार्यकारी परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

(क) रजिष्ट्रार -अध्यक्ष

(ख) प्रतिष्ठानका प्राज्ञिक निर्देशकहरु मध्येबाट सभाले मनोनयन गरेको एक जना -सदस्य

(ग) प्रतिनिधि, मन्त्रालय (राजपत्रांकित प्रथम श्रेणी) -सदस्य

(घ) प्रतिनिधि, अर्थ मन्त्रालय (राजपत्रांकित प्रथम श्रेणी) -सदस्य

(ङ) प्रतिनिधि, शिक्षा तथा खेलकुद मन्त्रालय
(राजपत्रांकित प्रथम श्रेणी) -सदस्य

(च) प्रतिष्ठानका निर्देशकहरु मध्येबाट सभाले मनोनयन
गरेको एक जना -सदस्य

(छ) प्रतिष्ठानको प्रशासन हेर्ने निर्देशक -सदस्य सचिव

(३) कार्यकारी परिषद्को बैठकसम्बन्धी कार्यविधि सभाले निर्धारण गरे बमोजिम हुनेछ।

(४) कार्यकारी परिषद्को अध्यक्ष तथा सदस्यले बैठकमा भाग लिएबापत सभाले निर्धारण गरे बमोजिमको भत्ता पाउनेछन्।

**१५. <u>कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार</u>** : कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सभा तथा प्राज्ञिक परिषद्का निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन र अन्य आवश्यक प्रस्तावहरू तयार गरी स्वीकृतिका लागि सभा समक्ष पेस गर्ने,

(ग) प्रतिष्ठानको शैक्षिक तथा प्राज्ञिक कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने स्कुल सञ्चालन तथा नयाँ कार्यक्रम सञ्चालन गर्न सभा समक्ष प्रस्ताव पेस गर्ने,

(घ) प्रतिष्ठानको कोष तथा चल-अचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने,

(ङ) सभाको नीति निर्देशनको अधीनमा रही प्रतिष्ठानको चल-अचल सम्पत्ति खरिद-बिक्री गर्ने, ठेक्कापट्टा वा भाडामा दिने/लिने व्यवस्था गर्ने,

(च) प्रतिष्ठानद्वारा सञ्चालित शैक्षिक तथा तालिम कार्यक्रमहरूको समन्वय, रेखदेख तथा निरीक्षण गरी सोको प्रतिवेदन सभामा पेश गर्ने,

(छ) प्रतिष्ठानका लागि आवश्यक अध्यापक, अनुसन्धानकर्ता तथा कर्मचारीको दरबन्दी निर्धारण गरी स्वीकृतिका लागि सभामा पेश गर्ने र स्वीकृत दरबन्दीमा तोकिए बमोजिम नियुक्ति तथा बढुवा गर्ने,

(ज) अध्ययन, अनुसन्धान तथा तालिमबापत विद्यार्थी वा शिक्षार्थीहरूबाट लिइने शुल्क निर्धारण गर्ने,

(झ) प्रतिष्ठानको विकासका लागि स्वदेशी वा विदेशी दाताहरूबाट प्राप्त हुने आर्थिक तथा अन्य भौतिक सहयोग ग्रहण गर्ने,

(ञ) कार्य सम्पादनलाई सहजीकरण गर्न आवश्यकता अनुसार विभिन्न विषयगत समिति, उपसमिति वा कार्य टोली गठन गर्ने,

(ट) प्रतिष्ठान सञ्चालनका लागि आवश्यक पर्ने नियम, विनियम र कार्यविधिहरूको मस्यौदा तयार गरी स्वीकृतिका लागि सभामा पेस गर्ने,

(ठ) कार्यालय वा निकायहरूबाट सम्पन्न एका काम कारबाहीको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने र आवश्यकता अनुसार निर्देशन दिने,

(ड) प्रतिष्ठानको शैक्षिक गुणस्तर सुनिश्चित गर्ने, जनगुनासो सुनुवाइ गर्ने र सभाले तोकेका अन्य कार्यहरू गर्ने।

## परिच्छेद–७

## स्कुल र अनुसन्धान केन्द्र

१६. **स्कुल** : (१) प्रतिष्ठानमा अध्ययन, अध्यापन र अनुसन्धान गर्ने प्रयोजनका लागि ट्राभल एण्ड टुरिजम, आतिथ्यता, पर्वतीय पर्यटन, आरोग्य पर्यटन र साहसिक पर्यटन सम्बन्धी शैक्षिक विभागहरु स्कुलको रूपमा रहनेछन् तथा सभाको निर्णयानुसार अन्य स्कुलहरु समेत रहन सक्नेछन्।

(२) विद्यार्थी सङ्ख्या, भौतिक स्रोत र साधनको पर्याप्तता तथा कार्यबोझका आधारमा एक वा एकभन्दा बढी कार्यक्रम एउटै स्कुल अन्तर्गत सञ्चालन गर्न सकिनेछ।

(३) स्कुल सञ्चालन सम्बन्धी अन्य व्यवस्था सभाले निर्धारण गरे बमोजिम हुनेछ।

१७. **अनुसन्धान केन्द्र** : (१) प्रतिष्ठानमा ट्राभल एण्ड टुरिजम, आतिथ्यता, पर्वतीय पर्यटन, आरोग्य पर्यटन र साहसिक पर्यटन विषयहरुमा अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्य गर्नका लागि सभाको निर्णय अनुसारका अनुसन्धान केन्द्रहरू रहन सक्नेछन्।

(२) अनुसन्धान केन्द्र सम्बन्धी अन्य व्यवस्था सभाले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद - ८

## प्रतिष्ठानका पदाधिकारी, अध्यापक, अनुसन्धानकर्ता तथा कर्मचारी

१८. **अध्यक्ष** : (१) अध्यक्षले सभा र दीक्षान्त समारोहको अध्यक्षता गर्नेछ।

(२) अध्यक्षले आवश्यकता अनुसार प्रतिष्ठानको निरीक्षण गरी प्रतिष्ठानलाई निर्देशन दिन सक्नेछ।

१९. **रजिष्ट्रार** : (१) रजिष्ट्रार प्रतिष्ठानको शैक्षिक, आर्थिक र कर्मचारी प्रशासन सम्बन्धी दैनिक कार्य गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) रजिष्ट्रार प्रतिष्ठानको कार्यालयमा पुरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) रजिष्ट्रारको पदमा नियुक्तिको लागि सभा समक्ष सिफारिस गर्न सभाले देहाय बमोजिमका सदस्य रहने गरी एक छनौट समिति गठन गर्नेछ।

(क) सभाको अध्यक्ष - संयोजक

(ख) सभाले तोकेको सभाको सदस्य - सदस्य

(ग) प्रचलित कानुन बमोजिम स्थापना भएको विश्वविद्यालयको पूर्व कुलपति वा उपकुलपति वा प्राध्यापक मध्येबाट सभाले मनोनित गरेको एकजना - सदस्य

(४) उपदफा (३) बमोजिमको सिफारिस समितिले देहायको योग्यता भएका व्यक्तिहरु मध्येबाट रजिष्ट्रारको नियुक्तिका लागि तीनजना उम्मेदवारको नाम सभा समक्ष सिफारिस गर्नेछः–

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा विद्यावारिधि उपाधि हासिल गरेको र आतिथ्यता वा पर्वतीय पर्यटन वा पर्यटन क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको,

(ख) पच्चीस वर्ष पुरा भई साठी वर्ष उमेर ननाघेको, र

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको,

(घ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनका लागि अयोग्य नरहेको, र

(ङ) उच्च नैतिक चरित्र भएको।

(५) उपदफा (२) बमोजिमको समितिले रजिष्ट्रारको पदमा नियुक्त हुन योग्य बढीमा तीन जना व्यक्तिको नाम वर्णानुक्रम अनुसार सभा समक्ष सिफारिस गर्नु पर्नेछ र यसरी सिफारिस भएका व्यक्तिहरूमध्येबाट सभाले एक जना रजिष्ट्रारको नियुक्ति गर्नेछ।

(६) प्रतिष्ठानको सबै काम कारबाही उपर रजिष्ट्रारको प्रत्यक्ष नियन्त्रण रहनेछ।

(७) रजिष्ट्रारको पदावधि नियुक्ति भएको मितिले चार वर्षको हुनेछ।

(८) अध्यक्षको अनुपस्थितिमा प्रतिष्ठानको दीक्षान्त समारोहमा रजिष्ट्रारले अध्यक्षता गर्नेछ।

(९) रजिष्ट्रारले सभाको निर्णय र निर्देशनहरू कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

(१०) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा कुनै निकाय वा अधिकारीले गर्ने भनी उल्लेख भएका कार्यहरू बाहेक अन्य कार्यहरू रजिष्ट्रारले गर्नेछ। त्यसरी रजिष्ट्रारले कुनै कार्य गरेकोमा सोको जानकारी अध्यक्षलाई गराउनु पर्नेछ।

(११) रजिष्ट्रारको अनुपस्थितिमा रजिष्ट्रारले गर्नु पर्ने कार्यालय संचालन सम्बन्धी कार्य निजको निमित्त जनाई प्राज्ञिक परिषद्को सदस्य सचिवबाट हुनेछ।

(१२) रजिष्ट्रारको काम, कर्तव्य, अधिकार, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(१३) उपदफा (५) बमोजिम नियुक्त रजिष्ट्रारको देहायको अवस्थामा पद रिक्त हुनेछः

(क) मृत्यु भएमा,

(ख) सभा समक्ष लिखित राजिनामा दिएमा,

(ग) उपदफा (४) को खण्ड (ग) बमोजिमको कसूरमा अदालतबाट सजाय पाएमा,

(घ) निजको पदावधी समाप्त भएमा,

(ङ) पैसठ्ठी बर्ष उमेर पुरा भएमा।

२०. **प्राज्ञिक निर्देशक** :(१) प्राज्ञिक निर्देशकहरु प्रतिष्ठानका स्कुल तथा अनुसन्धान विभागका प्रमुख हुनेछन।

(२) मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र सम्बन्धित स्कुलको विषय क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको प्रतिष्ठानका अध्यापकहरुमध्येबाट रजिष्ट्रारले प्राज्ञिक निर्देशकहरुको नियुक्ति गर्नेछ।

(३) प्राज्ञिक निर्देशक प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(४) प्राज्ञिक निर्देशकको पदावधि नियुक्ति मितिले चार वर्षको हुनेछ ।

(५) प्राज्ञिक निर्देशकको काम, कर्तव्य, अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाको अन्य शर्तहरु सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

२१. **निर्देशक** : (१) निर्देशकहरु प्रतिष्ठानको प्रशासनिक विभागका प्रमुख हुनेछन।

(२) मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र सम्बन्धित विषय क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको प्रतिष्ठानका अधिकृत स्तरका कर्मचारी मध्येबाट रजिष्ट्रारले निर्देशकको नियुक्ति गर्नेछ।

२२. **पदबाट हटाउन सक्ने** : (१) सभामा तत्काल कायम रहेको सदस्य संख्याको एक चौथाई सदस्यहरूले रजिष्ट्रारलाई पदबाट हटाउन सभा समक्ष लिखित निवेदन दिएमा सभाले देहायको अवस्थामा रजिष्ट्रारलाई पदमुक्त गर्न सक्नेछ।

(क) आफ्नो पद अनुरूपको जिम्मेवारी पूरा नगरेको,

(ख) ईमानदारीपूर्वक काम नगरेको,

(ग) पद अनुकूलको आचरण नगरेको।

(२) उपदफा (१) बमोजिम पदमुक्त गर्नु अघि उक्त निवेदन उपर छानवीन गर्न तत्काल सभाको बैठक बसी सभाको सदस्यको संयोजकत्वमा सभाका सदस्यहरु मध्येबाट तीन सदस्य रहेको एक छानवीन समिति गठन गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम गठित छानबिन समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी समिति गठन भएको मितिले एक्काईस दिनभित्र आफ्नो प्रतिवेदन सभा समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सभाको तत्काल कायम रहेको बहुमत सदस्यले रजिष्ट्रारलाई पदबाट हटाउने सम्बन्धमा निर्णय गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम पदबाट हटाउनु अघि निजलाई सात दिनको म्याद दिई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(६) रजिष्ट्रार बाहेक प्रतिष्ठानका अन्य पदाधिकारीलाई पदबाट हटाउँदा अपनाउनु पर्ने कार्यविधि सभाले निर्धारण गरे बमोजिम हुनेछ।

(७) यस दफा बमोजिम कुनै पदाधिकारी उपर छानबिन शुरू भएमा त्यसको अन्तिम निर्णय नभएसम्म निलम्बनमा रहनेछन्।

**२५.** **<u>अध्यापक तथा कर्मचारी सम्बन्धी व्यवस्था</u>** : (१) प्रतिष्ठानमा आवश्यक संख्यामा अध्यापक तथा कर्मचारी रहने छन्।

(२) अध्यापक तथा कर्मचारीको नियुक्ति र बढुवा परिच्छेद-९ बमोजिमको पदपूर्ति समितिको सिफारिस बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमका अध्यापक तथा कर्मचारीको नियुक्ति, काम, कर्तव्य, अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू तोकिए बमोजिम हुनेछ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान विकास समिति गठन आदेश, २०८३ बमोजिम प्रतिष्ठानको सेवामा बहाल रहेका सम्पूर्ण कर्मचारीलाई निजको पद तथा खाईपाई आएको सेवा सुविधा नघट्ने गरी प्रतिष्ठानको नयाँ संरचनाहरुको अध्यापक र कर्मचारीको पदहरुमा समायोजन गरिनेछ।

(५) सभाले आवश्यक ठानेमा कुनै विदेशी नागरिकलाई निजको विषय विज्ञताको आधारमा अध्यापकको रूपमा पदपूर्ति समितिको सिफारिसमा करार संझौता गरी नियुक्त गर्न सभा समक्ष सिफारिस गर्नेछ।

## परिच्छेद - ९

## पदपूर्ति समितिको गठन तथा काम, कर्तव्य र अधिकार

२६. **पदपूर्ति समितिको गठन** : (१) प्रतिष्ठानको अध्यापक तथा कर्मचारीको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न देहाय बमोजिमका पदपूर्ति समिति रहनेछ ।

(क) रजिस्ट्रार -अध्यक्ष

(ख) मन्त्रालयको प्रतिनिधि (राजपत्रांकित प्रथम श्रेणी) -सदस्य

(ग) लोक सेवा आयोगको प्रतिनिधि (राजपत्रांकित प्रथम श्रेणी) -सदस्य

(घ) प्राज्ञिक निर्देशकहरु मध्येबाट सभाले तोकेको एक जना -सदस्य

(ङ) प्रशासन विभागका निर्देशक -सदस्य सचिव

(२) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार लोक सेवा आयोगको परामर्शमा सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) पदपूर्ति समितिको अध्यक्ष तथा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत सभाले निर्धारण गरे बमोजिमको बैठक भत्ता पाउने छन् ।

(४) पदपूर्ति समितिको बैठकसम्बन्धी कार्यविधि सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-१०

## शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धी विशेष व्यवस्था

२७. **शैक्षिक कार्यक्रम सञ्चालन सम्बन्धी विशेष व्यवस्था** : (१) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान विकास समिति गठन आदेश, २०८३ अन्तर्गत त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्वविद्यालय शैक्षिक कार्यक्रममा भर्ना भई अध्ययनरत विद्यार्थी यो ऐन प्रारम्भ भएपछि स्वतः प्रतिष्ठानका विद्यार्थी हुनेछन् तर उनीहरुको शैक्षिक उपाधि सम्बन्धित विश्वविद्यालयको हुनेछ ।

(२) प्रतिष्ठानले पर्यटन, आतिथ्यता, आरोग्य, पर्वतीय पर्यटन तथा साहसिक गतिविधि सम्बन्धि विभिन्न शैक्षिक तथा तालिम कार्यक्रमहरु प्रतिष्ठानले निर्धारण गरेको पाठ्यक्रममा आधारित भई संचालन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमका कार्यक्रमहरुमा स्वदेशी तथा विदेशी विद्यार्थीहरु अध्ययन गर्न सक्नेछन् र विद्यार्थी भर्ना सम्बन्धी कार्यविधि प्राज्ञिक परिषदले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-११

## प्रतिष्ठानको कोष, लेखा तथा लेखापरीक्षण

२९. **प्रतिष्ठानको कोष** : (१) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन्ः–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रकम,

(ग) कुनै व्यक्ति वा संस्थाले आर्थिक सहायता वा ऋण स्वरूप प्रदान गरेको रकम,

(घ) उद्योग, व्यापार व्यवसायसँग सम्बद्ध व्यक्ति वा संस्थाबाट सहयोग वा अनुदान स्वरूप प्राप्त रकम,

(ङ) द्विपक्षीय, क्षेत्रीय, वहुपक्षीय विकास साझेदार, अन्तर्राष्ट्रिय संघसंस्था, अन्तर सरकारी संस्थाबाट प्राप्त हुने अनुदान वा ऋण सहयोग वा व्यक्तिबाट सहयोग स्वरूप प्राप्त रकम,

(च) प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(छ) विद्यार्थी शुल्क तथा प्रतिष्ठानको आन्तरिक अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम प्रतिष्ठानले कुनै रकम प्राप्त गर्दा मन्त्रालयमार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(३) प्रतिष्ठानको कोषको रकम कार्यकारी परिषद्‌ले तोकेको क वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(४) प्रतिष्ठानको केन्द्रीय खाताको सञ्चालन रजिष्ट्रार र आर्थिक प्रशासन प्रमुखको दस्तखतबाट र अन्य सहायक खाताको सञ्चालन सभाले निर्धारण गरे बमोजिम हुनेछ।

(५) प्रतिष्ठानको सबै खर्चहरू सभाबाट स्वीकृत भएअनुसार उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ।

३०. **लेखा र लेखापरीक्षण** : (१) प्रतिष्ठानले आफ्नो आय व्ययको लेखा व्यावसायिक लेखा प्रणाली अनुसार राख्नु पर्नेछ ।

(२) प्रतिष्ठानको आन्तरिक नियन्त्रण प्रणाली सभाले निर्धारण गरे बमोजिम हुनेछ।

(३) प्रतिष्ठानको हिसाब किताबको आन्तरिक लेखा परीक्षण प्रचलित कानून बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालय वा दर्तावाला चार्टर्ड एकाउन्टेन्ट मध्येबाट कार्यकारी परिषद्‌ले तोकेको लेखा परीक्षकबाट हुनेछ।

(४) प्रतिष्ठानको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद–१२

## <u>विविध</u>

३१. **<u>प्रमाणपत्र र उपाधि दिने तथा समकक्षता र स्तर निर्धारण गर्ने</u>** : (१) प्रतिष्ठानले सञ्चालन गरेको विषयमा उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई प्रतिष्ठानको निर्धारित ढाँचा बमोजिमको प्रमाणपत्र र उपाधि दिन तथा अनुसन्धात्मक कार्य गर्ने र प्राज्ञिक क्षेत्रमा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्नेछ ।

(२) प्रतिष्ठानले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको पर्यटन सम्बद्ध शैक्षिक उपाधिलाई विश्व विद्यालय अनुदान आयोगको समन्वयमा मान्यता प्रदान गर्न सक्नेछ ।

३२. **<u>प्रतिष्ठानमा भर्ना हुन योग्यता</u>** : (१) प्रतिष्ठानका शैक्षिक तथा तालिम कार्यक्रममा भर्ना हुन चाहिने विद्यार्थीको योग्यता प्राज्ञिक परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) प्रतिष्ठानले विद्यार्थी भर्ना गर्दा नेपाल सरकारको नीति अनुरूप महिला, आदिवासी जनजाति, मधेशी, दलित, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग वा समुदायका विद्यार्थीलाई सभाले निर्धारण गरेको प्रतिशतको आधारमा भर्नाको लागि स्थान सुरक्षित गर्नु पर्नेछ ।

३३. **<u>काम कारबाही बदर नहुने</u>** : प्रतिष्ठानको कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भई वा कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयनमा त्रुटी भएको कारणले मात्र त्यस्तो पदाधिकारी वा सदस्य संलग्न भई गरेको प्रतिष्ठानको कुनै काम कारबाही बदर हुने छैन ।

३४. **<u>पूर्व स्वीकृति लिनु पर्ने</u>** : प्रतिष्ठानले नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने गरी कुनै पदाधिकारी, अध्यापक तथा कर्मचारीको दरबन्दी स्वीकृत गर्दा वा त्यस्ता पदाधिकारी, अध्यापक तथा कर्मचारीको पारिश्रमिक वा सेवा सुविधा थप गर्नु अघि मन्त्रालय मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

३५. **<u>अधिकार प्रत्यायोजन</u>** : (१) सभाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये बार्षिक नीति तथा कार्यक्रम स्वीकृत गर्ने, बार्षिक आय व्ययको विवरण स्वीकृत गर्ने तथा नया स्कुल र प्रशासकीय विभाग गठन गर्ने वाहेकका अधिकार प्राज्ञिक परिषद् वा कार्यकारी परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्राज्ञिक परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार कार्यकारी परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कार्यकारी परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार प्रतिष्ठानका रजिष्ट्रारलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(४) रजिष्ट्रारले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार प्रतिष्ठानका प्राज्ञिक निर्देशक वा निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

३६. **नेपाल सरकारसँग सम्पर्क** : प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

३७. **नियम बनाउने अधिकार** : (१) यो ऐनको कार्यान्वयनको लागि सभाले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(क) अध्यापक तथा कर्मचारी व्यवस्थापन सम्बन्धी,

(ख) आर्थिक प्रशासन सम्बन्धी,

(ग) पदाधिकारी नियुक्ति सम्बन्धी,

(घ) शैक्षिक तथा तालिम सञ्चालन (कार्यविधि) नियम।

३८. **कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने अधिकार** : यो ऐनको कार्यान्वयनको लागि सभाले आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ।

३९. **खारेजी र बचाउ** : (१) नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८३ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको गठन आदेश बमोजिम भए गरेका सबै काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) उपदफा (१) बमोजिमको गठन आदेश बमोजिमको विकास समितिहरुको नाममा रहेको चल, अचल सम्पत्ति, लेनदेन कारोबार, ऋण, धन लगायत सम्पूर्ण अधिकार, दायित्व तथा अभिलेख र सेयर स्वमित्व यस ऐन बमोजिमको प्रतिष्ठानमा सर्नेछ।

(४) दफा २३ बमोजिम रजिष्ट्रार नियुक्त नभएसम्म हाल प्रतिष्ठानमा कार्यरत कार्यकारी निर्देशक/प्राचार्यले बढिमा तीन महिनासम्मको लागि रजिष्ट्रारको रूपमा कार्य गर्नेछ र अन्य निजामती कर्मचारीहरु नयाँ दरवन्दी स्वीकृत भई पदपूर्ति नभएसम्म बहाल रहनेछन्।

(५) यस ऐन बमोजिम प्रतिष्ठानको संगठनात्मक स्वरूप र पदाधिकारीहरु नियुक्ति नभएसम्मको लागि उपदफा (१) बमोजिमको गठन आदेश बमोजिमको समितिले नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठानको हैसियतले काम गर्नेछ।